



गेरूवा गाउँपालिका अध्यक्ष श्री जमान सिंह के.सी. द्धारा गेरूवा गाउँपालिकाको

१६औं गाउँसभा अधिवेशनमा प्रस्तुत गरिएको

# नीति तथा कार्यक्रम

## आर्थिक बर्ष २०८१/०८२

गेरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

२०८१

यस गाउँसभाका प्रमुख अतिथि ज्यू,
गाउँपालिका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरू,
राष्ट्रसेवक कर्मचारीहरू, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना पश्चात दोस्रो कार्यकालको तेस्रो बर्षको १६औ यस गरिमामय गाउँसभा अधिवेशन समक्ष आर्थिक बर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव महशुस भएको छ ।यस गाउँसभा अधिवेशनमा उपस्थिति सम्पूर्ण महानुभाहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

- यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको रक्षा, संङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मुलुकको सर्वाङ्गीण विकास, समृद्धि र समुन्नत नेपाल निर्माणको लागी इतिहासको विभिन्न कालखण्डमा भएका राजनीति परिवर्तनका लागी भएको ऐतिहासिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू तथा बर्दिया राष्ट्रिय निकुञ्जका बन्यजन्तुको आक्रमणमा परी निधन हुनु भएका मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका तथा बेपत्ता पारिएका नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।
- वर्तमान सरकार देशमा समाजवाद उन्मुख आर्थिक-सामाजिक रुपान्तरणका लागी राजनीतिक स्थायित्व, सुशासन समृद्धि.दिगो विकास र सामाजिक न्यायसहित **"समृद्ध नेपाल सुखी नेपाली"**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न प्रतिबद्ध रहेको सन्दर्भमा यस गाउँपालिका **"समृद्ध र समुन्नत गेरुवा, सुखी गेरुवा बासी"** बनाउन प्रतिवद्ध रहेको छ।
- जनताको सुख र समुन्नतिका लागी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ।
- संघीयताको सवलिकरण, अर्थतन्त्रको सुधार र पूर्नस्थापना, उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना,सार्वजनिक सेवा प्रवाहमा नतिजामुखी सुधार र सरलीकरण नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु यस सरकारका मुख्य प्राथमिकता रहेका छन्।
- सुशासनलाई संस्थागतगर्न, विकास निर्माणलाई परिमाणमुखी बनाई, सेवा प्रवाहलाई सारभूत रुपमा आमजनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न गेरुवा गाउँपालिका स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ।
- गाउँपालिकालाई प्राप्त हुने संघीय सरकार, प्रदेश सरकार र आन्तरिक आय समेतको प्रक्षेपण गरी हुन आउन निश्चितश्रोत र साधनको न्यायोचित वितरण, समावेशी र सहभागितामूलक श्रोत परिचालन गरी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम ल्याइएको छ। यो नीति तथा कार्यक्रम **समृद्ध गेरुवा सुखी गेरुवाबासी** बनाउन मार्ग दर्शनको आधार हुने विश्वास लिएको छु।

- संविधान प्रदत्त मौलिकहक:सुरक्षित आवास, आधारभूत शिक्षा,स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, कृषि, पशु जस्ता महत्वपूर्ण नागरिकका दैनिक जिवन र मानव स्वास्थ्यसँग गाँसिएका हकहरु प्रत्याभूत हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक समावेशीता सहित विकासको मूल प्रभाहीकरणका लागी महिला, बालबालिका, ज्येष्ठ नागरिक अपाङ्गता, दलित, आदिवासी, जनजाती, थारु, अल्पसंख्यक लोपोन्मुख, मधेशी, मुस्लिम, पिछडावर्ग, यौनिक अल्पसंख्यक, युवा, द्वन्द्वपिडित, मुक्त कमैया कमलरी, वेपत्ता परिवारका सदस्यका लागी सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी गाउँपालिका स्तरीय विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सडकहरुको नियमित मर्मत सम्भार गरी गाउँपालिका भित्रका मुख्य सडकहरुलाई बाह्रै महिना सुरक्षित एवं सहज रुपमा आवतजावत गर्न सकिने बनाइने छ।
- एक वडाबाट अर्को वडा जोडिने सडकहरुको स्तरोन्नती गर्दै क्रमिक रुपमा कालोपत्रेमा रुपाणन्तर गर्दै जाने र पानी तथा ढल निकास, ह्युमपाइप, कल्भर्ट र साना पुलहरुको निर्माण गरिनुका साथै आवश्यकता अनुसार झोलुंगेपुल, ट्रसपुल, कजवेर ठुला पुलका लागी संघ, प्रदेश सरकार र अन्य निकायसँग पहल गरिनेछ ।
- विद्युत लाइन विस्तार गरी गुणस्तरीय विद्युत सेवा दिन र व्यवस्थित विद्युतीकरण गर्न नेपाल विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिका लागी आवश्यक तालिम सञ्चालनमा विशेष जोड दिइनेछ।
- गाउँपालिकाको विभिन्न क्षेत्र र कार्यक्रममा निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गरै-सरकारी संघ-संस्थाहरुसँग गाउँपालिकाको रणनैतिक विकास र समृद्रिका लागी सहकार्य र साझेदारी गर्ने नीति लिइनेछ।

**सभाका सदस्य ज्युहरु,**

अब म यस गेरुवा गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८१/०८२ मा अवलम्वन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## स्वास्थ्यः

- संविधानद्धारा प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक, अधिकार र दायित्वलाई प्रत्येक गेरुवाबासी नागरिकको जनजीवनमा बास्तबिक रूपमा रुपान्तरण गर्न तथा स्वास्थ्य सेवालाई विस्तार गरी,दिगो विकाशको लक्ष्य प्राप्ति गर्न, स्वस्थ जिवनको सुनिश्चितता गर्न र समृद्ध जिवनस्तर प्रवर्द्धन गर्न, आधारभूत स्वास्थ्य सेवा पाउनु जनताको अधिकार हो भन्ने विश्वव्यापि मान्यतालाई स्थापित गर्न स्वास्थ्य सम्बन्धि कार्यक्रमलाई अगाडी बढाईने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउदै दिगो विकास लक्ष्य लाई हासिल गर्ने कार्यमा जोड दिइनेछ ।

- ❖ सम्पुर्ण नागरिकहरुकालागी आधारभुत स्वास्थ्य सेवाको हक सुनिश्चित गर्ने निःशुल्क सेवा प्रदान गरिने र बिशेषज्ञ सेवा प्राप्त गर्नकालागी स्वास्थ्य बिमामा जनचेतना अभिबृद्धिगरी स्वास्थ्य बिमामा जोड दिइनेछ ।
- ❖ दलित,महिला,बालबालिका,जेष्ठनागरिक,सिमान्तकृत,राष्ट्र परिवर्तनका लागी भएका आन्दोलनमा शहिदहरुका परिवार, सबै वर्ग, लिंग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले बिपन्न, शारिरिक र मानसिक रुपले अशक्तहरुलाई आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
- ❖ दिगो बिकाशका लक्ष्य हाँसिल गर्न खोप,पोषण,सुरक्षित मातृत्व,परिवार नियोजन, कार्यक्रम तथा क्षयरोग,कुष्ठरोग,औलो,कालाजार,डेंगु,यौनरोग,एच.आई.भि./एड्सनियन्त्रण,नसर्ने रोग,मानसिक स्वास्थ्य समस्या जस्ता स्वास्थ्य सम्बन्धि कार्यक्रममा बजेट बिनियोजन गरिनेछ ।
- ❖ प्रजनन् स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चितका साथै क्रमिक रूपमा पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरी पोषणमैत्री स्थानिय शासन सन्चालन कार्यमा जोड दिइनेछ।
- ❖ गाउँपालिका बाट संञ्चालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- ❖ स्वास्थ्य प्रणालीलाई संघिय संरचना अनुरुप स्थानीय तहमा बिकाश र बिस्तार गरी संबिधानले निर्देश गरे अनुसारको आवश्यक नितिगत, बित्तिय र ब्यवस्थापकीय माध्यमद्वारा स्वास्थ्य क्षेत्रमा सुशासन कायम गरिने छ।
- ❖ जनस्वास्थ्यका कार्यक्रम तथा गतिबिधि लाई थप सशक्त बनाई प्रतिकारात्मक,प्रवर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई अझै सुदृढ गरी स्थानीय तहको पहलमा समुदायमा आधारित स्वास्थ्य सेवाको गुणस्तर,पहुँच र प्रभावकारितामा अभिबृद्धि गरिनेछ ।
- ❖ आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने कार्यमा टेवा पुऱ्याउन क्रमिक रूपमा स्वास्थ्य क्षेत्रमा बजेट बृद्धि गरिनेछ।
- ❖ सिकलसेल एनेमिया रोकथाम सम्बन्धि गतिबिधी तथा कार्यक्रम सन्चालनलाई निरन्तरता दिईनेछ।
- ❖ सुर्तिजन्य पदार्थ तथा मदिरा र अस्वस्थ्यकर खाना (जङ्क फुड) का साथै प्रशोधित चिनियुक्त खाद्यपदार्थ पेयपदार्थ न्यूनिकरणमा जोड दिइनेछ।
- ❖ स्वास्थ्य सेवाको बिकास तथा सेवा प्रवाह गर्ने कार्यमा सहयोग गर्ने गैरसरकारी संस्थाहरु सँग साझेदारी गरी गुणस्तरिय स्वास्थ्य सेवा आमनागरिकको पहुँचमा हुनेगरी उपयोगमा ल्याईने कार्यमा जोड दिईनेछ ।
- ❖ आयुर्वेदको बिकासमा जोड दिने र परम्परागत,बैकल्पिक चिकित्सा प्रणालीहरु(योग प्राकृतिक चिकित्सा,होमीयोपेथी,आदि)को संरक्षण एवं स्थानीय रुपमा उपलब्ध जडिबुटीहरुको संरक्षण,सम्बर्द्धन,समुचित प्रयोग गरी प्रतिकारात्मक,प्रबर्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवा सबै नागरिकको सहज पहुँचमा पुऱ्याउने कार्यमा जोड दिईनेछ।
- ❖ आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिसंग सम्बन्धित स्वास्थ्य सेवालाई प्रभावकारि रुपमा संचालन गरिनेछ साथै उक्त सेवाहरु जेष्ठ नागरिक,र नसर्ने रोगहरुको रोगथाम तथा उपचारमा बिशेष जोड दिईनेछ
- ❖ निशुल्क औषधीको गुणस्तरिय आपूर्ति तथा बितरणको ब्यवस्था लाई सुनिश्चित गरिने छ ।

- क्षयरोग,औलो,एच.आई.भी.एड्स, कुष्ठरोग, कालाजार,डेंगु, कोभिड लगायत अन्य संक्रामक रोग तथा महामारी रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य संस्था र समुदायमा श्रोत साधनको अग्रिम तयारीमा जोड दिईनेछ ।
- नसर्ने तथा मानसिक रोगको नियन्त्रणमा बिद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा मार्फत जिवनशैलीमा परिवर्तन ल्याउने किसिमका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा क्रियाकलापमा जोड दिईनेछ साथै स्थानीय स्वास्थ्य संस्था तह देखिनै ब्यवस्थापन गरी अस्पताल सम्म प्रेषण र पहुँच सुनिश्चित गरिनेछ।
- स्वस्थ्यबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन,उत्पादन,प्रयोग र पहुँच लाई बिस्तार गरी कुपोषणलाई न्यूनिकरण गर्न पोषण सम्बन्धि जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दुर्घटना तथा बिपदबाट हुने चोटपटक अपांगता र मृत्युमा भैरहेको तिब्र बृद्धिलाई रोगथाम,शिघ्र उपचारकालागी प्रेषण सेवालाई प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य संरक्षण र प्रबर्द्धनका लागी पर्यावरणीय जल,बायु र ध्वनी प्रदुषण तथा जलवायु परिवर्तनबाट हुने प्रतिकुल असरको नियन्त्रण गर्ने कार्यमा जोड दिईनेछ ।
- स्वास्थ्य संग सम्बन्धित पूर्वाधार निर्माणकासाथै अपांगमैत्री स्वास्थ्य पूर्वाधार बिकाश गरिने र स्वास्थ्य सेवामा अपांगहरुको पहुँच सुनिश्चित गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा भए गरेका सम्पुर्ण कार्यहरुको सूचना सहज र सरल ढंगले सम्पुर्ण नागरिकहरुको पहुँचमा पुऱ्याउन बिनिन्न तहका संचार माध्यमहरु संग समन्वय गरिने छ ।
- सेवाको गूणस्तर कायम गर्न स्वास्थ्य संस्थाहरुलाई आवश्यक भौतिक संरचनाको बिकास, तथा सामाग्रीहरुको पुर्ति गरिने छ साथै स्वास्थ्यकर्मीहरुको शिप बिकासको लागि आवश्यक तालिमको ब्यवस्थाका लागि पहल गरिने छ ।
- पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रम अन्तरगत पोषण खर्च प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- समुदाय (फिल्ड) मा गई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई यातायात खर्च र आवश्यक सामग्रीको ब्यबस्थालाई निरन्तरता दिईनेछ ।
- मातृ तथा बालस्वास्थ्य कार्यक्रममा टेवा पुऱ्याउने महिला स्वास्थ्य स्वयं सेबिकाहरूको यातायात,सन्चार तथा सेवा निवृत प्रश्चातको प्रोत्साहन सुविधालाई निरन्तरता दिइनेछ ।
- संघिया निति अनुरुप क्यान्सर रोग, मृगौला प्रत्यरोपण तथा डाईलसिस र मेरुदण्ड पक्षघातका विरामीलाई दिदै आएको उपचार खर्च रकम लाई निरन्तरता दिईनेछ।
- गाउँपालिका बाट संञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरलाई साधन स्रोत थप व्यवस्थीत गर्दै लगिनेछ ।

## शिक्षाः

- नेपालको सविधान प्रदत्त अधिकार, अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली २०७७ बमोजिम गेरूवा गाउँपालिकाको सामुदायिक विद्यालयमा कक्षा -१२ सम्म सञ्चालन गरिएको निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सर्वसुलभ गुणस्तरीय शिक्षाको लागी विद्यालय उमेर समुहका सबै बालबालिकाहरूलाइ बिद्यालयमा भर्ना गर्ने, विद्यालयमा बिचैमा पढाइ एवम कक्षा छाडेका बालबालिकाहरूलाइ विद्यालयमा ल्याउन र टिकाउन सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- गेरूवा गाउँपालिकाको स्थानीय दरबन्दीमा सामुदायिक विद्यालयको आधारभुत र माध्यमिक तहमा कार्यरत करार शिक्षक र विद्यालय कर्मचारीलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयका बालबिकास शिक्षक, सामुदायिक सिकाइ केन्द्र परिचालक र बिद्यालय कर्मचारीहरूलाइ नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिकको मापदण्ड बमोजिम यस गाउँपालिकाबाट थप गरिएको पारिश्रमिक लाइ निरन्तरता दिइनेछ।
- नमुना प्राथमिक विद्यालय बञ्जरियामा सञ्चालित शिशु स्याहर केन्द्रलाइ थप ब्यवस्थित बनाउदै लगिनेछ। त्यस केन्द्रमा कार्यरत शिशु स्याहार कर्ताहरूलाइ निरन्तरता दिइनेछ।
- **"एक मा.वि. एक स्टाफ नर्स"** कार्यक्रमलाइ निरन्तरता दिदै थप प्रभावकारी बनाइनेछ।
- विद्यालयमा स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम लाइ थप प्रभावकारी बनाउन सामुदायिक माध्यामिक विद्यालयमा अति आवश्यक पर्ने स्वास्थ्य सामाग्री, औषधि लगायतका उपकरणको ब्यवस्था मिलाइनेछ।
- पशुपति माध्यमिक विद्यालय पशुपतिनगरमा अवस्थित साविकको स्रोतकेन्द्र हललाइ मर्मत संभार गरी, सामाग्री ब्यवस्थापन सहित थप ब्यवस्थित बनाइनेछ।
- सामुदायिक विद्यालयका शिक्षा सरोकारवालाहरूलाइ उत्प्रेरणामुलक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आपतकालिन तथा विपद् अवस्थामा पर्ने समस्याहरूलाइ सम्बोधन गर्न रणनैतिक कार्ययोजना तयार गरी सोहि अनुसारका शैक्षिक गतिबिधिहरू सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि स्पष्ट कार्ययोजना बनाइ त्यस्को प्रभावकारी कार्यन्वयनका लागि विद्यालयमा ICT को कार्यक्रमलाइ जोड दिईनेछ ।
- बिद्यालयको शैक्षिक अवस्था सुधारका लागी नियमित अनुगमन तथा नियमन गर्ने, शिक्षा सरोकारवालाहरूसँग छलफल, अन्तर्किया र गोष्ठि सञ्चालन गर्ने, विद्यालयका शिक्षक तथा कर्मचारीको क्षमता विकास , अभिमुखिकरण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कक्षा ८ को गाउँपालिकास्तरीय संञ्चालित परिक्षा आगामी आ.व. देखी आधारभुत तह कक्षा ५ को परिक्षालाई समेत गाउँपालिकास्तरीय परिक्षाको रुपमा सञ्चालन गरिनेछ। हरेक कक्षाको नियमित परीक्षाफल बिश्लेषण गरी विद्यार्थी मुल्याङकन लाइ थप प्रभावकारी बनाइनेछ।

- शिक्षाको गुणस्तर सुधारका लागी संञ्चालन हुने विभिन्न दिवस, उत्सव र समारोहका कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ।
- **'हाम्रो गेरूवा'** नामक कक्षा १-८ को स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा एकरुपता ल्याउन चालु आ.व.मा निर्माण गरिएको उक्त स्थानीय पाठ्यक्रमको स्रोत सामग्रीलाई गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयमा कार्यन्वयनमा ल्याइनेछ।
- विद्यालयस्तरका बालबालिकामा देखिएका बालबिवाह, लागुपदार्थ दुर्ब्यसनी र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु न्यूनिनकरण गर्न सचेतनामुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत अति बिपन्न,दलित,जनजाति, अपाग, सिमान्तकृत समुदायका बालबालिका र जेहेन्दार बिद्यार्थीलाइ प्राविधिक धार र उच्च शिक्षामा अध्ययन गर्ने बिद्यार्थीहरूलाइ प्रोत्साहन स्वरूप छात्रवृत्ति उपलब्ध गराइनेछ।
- गाउँपालिकामा एक गेरूवा बहुमुखि क्याम्पसको स्थापना र सञ्चालनको लागि सम्बन्धित निकायसँग समन्वय गरी क्याम्पस सञ्चालनको व्यवस्था मिलाइनेछ।
- सम्पुर्ण विद्यालयहरूको शैक्षिक गतिविधिहरूलाइ एकरूपता र सामाञ्जस्यता कायम गर्ने उदेश्यले आगामी शैक्षिक सत्रको शैक्षिक क्यालेन्डर निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यार्थीहरूको आन्तरिक प्रतिभाको प्रस्फुटन र सृजनात्मक क्षमताको बिकासका लागि अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका जिर्ण संरचनाको आवश्यक मर्मत सम्भारका साथै उचित व्यवस्थापन गरिनेछ।
- सामुदायिक विद्यालयको वातारणलाई स्वच्छ, सफा र हरियाली बनाउनको लागी हरित विद्यालय निर्देशिका बमोजिम **"हरित विद्यालय कार्यक्रम"** लागु गर्ने प्रबन्ध मिलाइनेछ।
- बालवालिकाको क्षमता विकास तथा उत्प्रेरणा अभिवृद्धि गर्न स्थानीय,प्रदेश एवम् राष्ट्रकै गहनाको रुपमा रहेका श्रष्टा एवम् व्यक्तित्वको बायोग्राफी तयार गरी प्रोत्साहन गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा **"पढ्दै कमाउदै"** कार्यक्रमलाई निरन्तरता दिदै थप व्यवस्थित बनाइनेछ।
- दलित, जनजाती, विपन्न, सहिद परिवार र द्वन्द्वपीडित वेपत्ता घाइते अपाङ्गता भएका व्यक्तिहरुका छोराछोरीलाई शिक्षाम पहुँच पुऱ्याउन आवश्यक सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयहरुमा कम्तिमा प्राथमिक तहसम्म अंग्रेजी र नेपाली (दुवै) भाषाको माध्यमबाट अध्यापन गराउने कार्यको थालनी गरिनेछ।
- सामुदायिक विद्यालयको पहिचान सुन्दरता र एकरुपता कायम गर्न सबै विद्यायलहरु एकै प्रकारको रंगरोगन(पंहिलो) कार्यको थालनी गरिनेछ ।
- बालबालिका लाई प्रोत्साहन गर्न SEE मा उत्कृष्ट छात्र-१ र छात्रा - १ पुरस्कृत गर्ने कार्य थालनी गरिनेछ

- गाउँपालिकाको सम्पूर्ण विद्यालयहरुमा प्रत्येक शुक्रवारका दिन व्यवहारिक तथा जीवन उपयोगी,सिपमुलक कार्यक्रम संञ्चालन र अन्तिम शुक्रवार सास्कृतिक पहिचान झल्किने पोशक लगाउने कार्यको थालनी गरिनेछ।
- **"एक वडा एक नमुना विद्यालय"** अवधारणालाई प्राथमिकतामा राखि कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

## युवा तथा खेलकुदः

- गेरूवामा गाउँपालिकालाई खेलकुदको हवको रूपमा विकास गर्ने खेलकुद क्षेत्रको बिकास, बिस्तार र प्रवर्द्दन गर्न कार्यमा जोड दिईनेछ।
- गाउँपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्षकप खेलकुद लगायतका कार्यक्रमहरूलाइ निरन्तरता दिइएको छ।
- **"समृद्धिका लागि युवा, युवाका लागि सीप"** भन्ने अभियानलाई अगाडी बढाइनेछ।
- **"एक घर एक सीपमूलक युवा"** कार्यक्रम मार्फत युवाहरूलाई उत्पादन र समाजको आर्थिक रूपान्तरणको संवाहकका रूपमा विकसित गरिनेछ।
- गाउँपालिका भित्रका प्रतिभावान युवाहरू छनोट गरी उनीहरूको ज्ञान सिप क्षमता लाई गाउँपालिकाको समृद्धि योगदान पुर्याउने कार्यमा आवश्यक व्यवस्था गरिनेछ।
- युवामा स्वयंसेवी भावना प्रवर्द्धन तथा सामाजिक जिम्मेवारी बोध गराउन शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण लगायतका क्षेत्रमा युवालाई स्वयंसेवकका अवसर प्रदान गरिनेछ।
- विपद् व्यवस्थापन तथा सामाजिक सुधारका क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रलाई निरन्तरता दिइनेछ।
- विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फूटनको लागि खेलमैत्री वातावरण निर्माणमा सिर्जना गरी स्वस्थ र अनुशासित खेलाडी मार्फत खेलकुद क्षेत्रको विकासका लागि खेलकुद एकेडेमी स्थापनाका लागि आवश्यक अध्ययन अगाडि बढाइनेछ।
- एक वडा एक खेलकुद प्रशिक्षकको व्यवस्था तथा गाउँपालिका र वडा स्तरीय खेलमैदान निर्माण र मर्मत संभार कार्य लाइ निरन्तरता दिइनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा ख्याति प्राप्त गरेका गाउँपालिका भित्रका खेलाडीहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्न नीति लिईनेछ।

## खानेपानी, सरसफाई तथा स्वच्छताः

- संविधानद्वारा प्रदत्त स्वच्छ खानेपानी नागरिकको मौलिक अधिकार भएकाले गाउँपालिकाकाको खानेपानी सरसफाई स्वच्छ गुरुयोजना क्रमश: कार्यान्वयनमा ल्याईनेछ।

- ❖ खानेपानी उपभोक्ता समितिको सहभागितामा वडामा रहेका खानेपानी योजनाहरुको मर्मत गरी सञ्चालन ल्याई स्वच्छ खानेपानीको आवश्यक प्रवन्ध मिलाइनेछ।
- ❖ प्लाष्टिकजन्य तथा अन्य फोहोर व्यवस्थापनका लागी **नागरिक सचेतना कार्यक्रम** संचालन गरिनेछ।
- ❖ प्लाष्टिकजन्य पदार्थ प्रयोगमा निरुत्साहित गर्दै लगिनेछ।
- ❖ स्वच्छ,सफा र सुन्दर गेरुवा गाउँपालिका अभियान सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (वास योजना) अध्यावधिक गर्न तथ्याङ्क संकलन गरी NWASH-MIS प्रणालीमा अध्यावधिक गरिने छ ।
- ❖ गाउँपालिकाका सम्पुर्ण वडाहरुमा सुरक्षित खानेपानीको ब्यवस्थापन गर्न संघिय, प्रदेश सरकार र सरोकारवाला निकायसंग आवश्यक पहल गरिने छ ।
- ❖ समुदाय तथा बिद्यालयहरुमा पूर्ण सरसफाई सम्बन्धि जनचेतना मुलक गतिबिधिहरु संचालन गरिने छ ।
- ❖ गाउँपालिका अर्न्तरगतका ६ वटा सामुदायिक बिद्यालयहरुलाई नेपाल सरकारको निति अनुसार ३ (तिन) तारा उन्मुख बिद्यालय बनाईनेछ ।
- ❖ निर्माणाधिन खानेपानी योजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरी पानीको गुणस्तर जाँच गर्न राष्ट्रिय गुणस्तर मापदण्ड अनुसार न्यूनतम परिमितिहरुको जाँच गरिने छ र सोको लागी गाउँपालिकामा मिनि ल्याव स्थापना गरी पानीको गुणस्तर सम्बन्धमा समुदायलाई सचेतिकरण गरिने छ।
- ❖ खानेपानी सरसफाई तथा स्वच्छतासँग सम्बन्धित बिभिन्न गैर सरकारी संघ-संस्थाहरु संग सहकार्य गरी गतिबिधिहरु संचालन गर्ने ब्यवस्था मिलाईने छ र सोको गतिबिधिहरुमा आवश्यकता अनुसार म्याचिङ फन्डको ब्यवस्था गरिनेछ ।
- ❖ खानेपानी,सरसफाई तथा स्वच्छता सम्बन्धी संरचनाको दिगोपना र नियमित संचालन गर्न गाउँपालिका तथा अन्तर्गतका कार्यालय वडा कार्यालय,स्वास्थ्य संस्था र बिद्यालय लक्षित मर्मत सम्भार कोषको स्थापना गरी आवश्यक तालिम संचालन गरिने छ ।
- ❖ बिद्यालय र सार्बजनिक स्थानमा फोहोरमैला ब्यवस्थापनका लागी संरचना निर्माण जस्तै :वास क्लेक्सन चेम्बर,डस्टबिन आदिको ब्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकाका बिभिन्न टोल,बस्ती तथा सार्वजनिक संस्थाहरुबाट उत्पादन हुने फोहरमैलालाई ब्यवस्थापन गर्न डम्पिङ साईट/ल्यान्डफिल्ड साईटको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।
- ❖ गाउँपालिकाबासीहरुमा असल सामाजिक व्यवहार परिवर्तन मार्फत स्वास्थ्य, पोषण र खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी असल व्यवहार परिवर्तन गर्दै लगिनेछ।

## <u>भौतिक पूर्वाधारः</u>

- ❖ गाउँपालिकाबाट संचालनमा रहेका क्रमागत बहुवर्षीय योजनाहरु तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै समयमै सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

- गेरुवा गाउँपालिकाको गौरवको योजना अन्तरगत रहेको वडा नं ४,५ र ६ जोड्ने **थापा राइस मिल देखि मैनापोखरसम्म सडक कालोपत्रे योजना** अन्तरगतको पहिलो खण्ड थापा राइस मिल देखि खोनपुर चोकसम्मको ४ किमी कालोपत्रे सम्पन्न भई बाँकी दोश्रो खण्ड खोनपुर चोकदेखी मैनापोखर तर्फ जाने सडक कालोपत्रे तथा सत्मोरी चोक देखी बुढीकुलो करिडोर हुदै खोल्टी बजार जाने सडकको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- गेरुवा गाउँपालिका वडा नं ६ मनाउमा निर्माणाधिन रहेको १० शैय्याको अस्पतालको निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गरिनेछ।गेरुवा २ पाताभारमा अवस्थित एक प्रिय नमूना मावि को एकेडेमिक भवनको निर्माण कार्य सम्पन्न गरिनेछ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निर्माण भएका र हाल अधुरा अवस्थामा रहेका विद्यालयका भौतिक संरचनाको निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ।
- गाउँपालिकाले तयार गरेको यातायात गुरुयोजनालाई परिमार्जन गरि लागु गरिनेछ। सडक अधिकार क्षेत्र सम्बन्धी जानकारी प्रदान गर्न विवादहरु समाधान गर्न तिनै तहको सरकारहरुको सहभागीतामा सचेतना कार्यक्रम संञ्चालन गरिनेछ।
- घर अभिलेखिकरणको कार्यलाई थप व्यवस्थित गर्न कार्यविधि बनाई लागु गरिनेछ। नक्सा पास गरि घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गर्न घरधनीहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सेवामा विशेष प्राथमिकता दिईनेछ।घर नक्सा पास र अभिलेखिकरण सम्बन्धी जानकारी प्रदान गर्न कार्यक्रमहरु संचालन गरिनेछन्।आगामी आर्थिक वर्षको लागी घर अभिलेखिकरणको म्याद पुस मसान्तसम्म थप गरिनेछ।
- गाउँपालिकाको आन्तरिक आयस्रोतलाई वृद्धी गर्न र ढुङ्गा, गिट्टी, बालुवाको समस्या समाधान गर्न कर्णाली नदीबाट ढुङ्गा गिट्टी बालुवा उत्खनन् गर्न बर्दिया राष्ट्रिय निकुञ्ज, कर्णाली नदी नियन्त्रण आयोजनासँगको सहकार्यमा वातावरणीय अध्ययन गरिनेछ।
- वडा नम्बर १ स्थित शहिद स्मृति पार्कको अधुरो वातावरणीय अध्ययन कार्य राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग सँग समवन्य गरी सम्पन्न गरि उक्त योजना निर्माण कार्य आरम्भ गरिनेछ ।
- तराई मधेश समृद्धी कार्यक्रम र गेरुवा गाउँपालिकाको संयुक्त लगानीबाट विभिन्न वडाहरुमा सामुहिक आवास कार्यक्रम अन्तरगत बनेका घरहरुको घर नं लगायतका विवरण तयार गरी अभिलेख राखिनेछ।
- भौतिक पूर्वाधार सम्बन्धी प्रोफाइल तयारगरी वस्तुस्थितिलाई अद्यावधिक गर्ने नीति लिइनेछ।गेरुवा गाउँपालिकाबाट संचालन हुने आयोजनाहरुलाई वर्गिकरण गरिनेछ।आयोजना वर्गिकरण गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरीनेछ। आयोजना वर्गिकरण गरी एकिन गरीएका महत्वपूर्ण सडकहरुको कालोपत्रे अस्फाल्ट प्रविधिबाट गरिनेछ।
- समयमै कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीहरुलाई प्रोत्साहन गर्न प्रत्येक वर्ष "उत्कृष्ट निर्माण व्यवसायी पुरस्कार" को व्यवस्था गरी सम्मान गरिनेछ।समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइनेछ।

- गेरुवा गाउँपालिका भित्र रहेका विभिन्न गोरेटो, गाउँले बाटोहरुलाई क्रमश स्तरउन्नति गरिनेछ। विशेषगरी गाउँपालिका भित्रका विभिन्न वडाहरुलाई जोड्ने बाटोहरुलाई प्राथमिकता दिइनेछ।
- मनसुन लगायत अन्य आकस्मिक अवस्थामा बिग्रेका संरचनाहरुलाई मर्मत गर्न पालिका स्तरिय एउटा मर्मत कोषको स्थापना गरी रकम विनियोजन गरिनेछ।कोषबाट रकम खर्च गर्न कार्यविधि बनाई लागु गरिनेछ।
- गाउँपालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री, वातावरणमैत्री र लैङ्गिकमैत्री बनाइने नीति लिइनेछ।
- जनताको प्रत्यक्ष लाभ पुऱ्याउने संरचनाहरु कृषि सिचाईडुढ,पनफेकुवा,पक्की नहर,लापक्का, उच्च मचाहन्न जस्ता संरचनाहरुलाई उच्च प्रथामिकतामा राखिनेछ ।
- गाउँपालिकाका पूर्वाधार निर्माण आयोजनाहरुमा काम गर्ने श्रमिकको सुरक्षामा विशेष ध्यान दिइनेछ। १० लाख भन्दा माथीका आयोजनाहरुमा अनिवार्य विमाको व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट संचालन हुने योजनाहरुको गुणस्तरमा विशेष ध्यान दिइनेछ। १० लाख भन्दा माथीका आयोजनाहरुमा अनिवार्य ल्याव टेष्टको व्यवस्था गरिनेछ। गाउँपालिकामा सिभिल ल्याव निर्माणको लागी आवश्यक पहल गरिनेछ ।
- प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धी गर्न नेपाल सरकारका राष्ट्रिय गौरवका आयोजनाहरुमा फिल्ड अनुगमन भ्रमण गराईनेछ।

## कृषि तथा भूमिः

- कृषि उत्पादनलाई बजारीकरणमा टेवा पुऱ्याउन प्रत्येक वडाहरुमा संकलन केन्द्रको स्थापना तथा संचालनमा जोड दिइनेछ।
- कृषि उत्पादनलाई बजारीकरणमा टेवा पुर्याउन कृषि ढुवानी साधनको व्यवस्थामा जोड दिइनेछ।
- निर्माण भएका कृषि हाटबजारलाई संचालनमा ल्याईनेछ।
- कृषकहरुको क्षमता अभिवृद्धिका लागि आई.पि.एम स्थलगत घुम्ती तालिमहरुलाई निरन्तरता दिइनेछ।
- कृषकहरुलाई फलफूल खेतीमा आत्मनिर्भर हुन हावापानी सुहाउँदा विभिन्न फलफूल खेतीको विस्तारमा जोड दिइनेछ।
- कृषकहरुको खेतबारीमा लाग्ने रोग किराको समस्या पहिचान गर्न बाली उपचार शिविर तथा समस्या समाधान गर्न आकस्मिक बाली संरक्षण कारर्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरीय गठित कृषक समूहलाई पोषणका लागि विभिन्न बालीका बीउहरु वितरण कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- पालिकालाई खाद्यान्न बालीको बीउमा आत्मनिर्भर बनाउन बीउ उत्पादन कार्यक्रम संचालनमा जोड दिइनेछ।

- कृषकहरुलाई सरल र सहज तरिका बाट खेती गर्नका लागि कृषि यान्त्रीकरण कार्यक्रम निरन्तरता दिइनेछ।
- पालिका स्तरिय कृषकहरुको उत्पादनलाई प्रर्वद्धन तथा उत्कृष्ट कृषकहरुलाई स-सम्मान,प्रोत्साहान गर्न पालिका स्तरिय कृषि मेला कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- एक किसान एक व्यवसाय खेतीको नीति ल्याइनेछ।
- प्रत्येक वडालाई उत्पादनको आधारमा पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ।
- विग्रदो माटोको अवस्थालाई सुधार गर्नको लागि माटोको परीक्षणलाई निरन्तरता दिनुका साथै हरियो मल, कम्पोष्ट मल तथा प्राङ्गारीक मलको प्रयोगमा विशेष जोड दिइनेछ।
- गाउँपालिकाले कृषि क्षेत्रको विकासका लागि आवश्यक पर्ने **कृषि स्नातक तथा एक गाउँ एक प्राविधिकको अवधारणालई** पूर्णता दिने कार्यलाई निरन्तरता दिइनेछ।
- कृषि उत्पादनका धान,तरकारी विउँ,घाँस लगायत अनुदानका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- दुग्ध, उत्पादक कृषक, माछा-मासु अण्डा उत्पादनलाई प्रोत्साहन दिई आत्मनिर्भर बनाइनेछ।
- **"जग्गा प्रशासनमा सूशासन"** भन्ने नाराका साथ यस गेरुवा गाउँपालिकाले जग्गा प्रशासन सम्बन्धी कामलाई सूचना प्रविधिमा आधारित बनाइनेछ।
- भू उपयोग ऐन-२०७६ तथा भू आयोग नियमावली-२०७९ मा व्यवस्था भए अनुसार जग्गा वर्गिकरण गरिनेछ।
- भुमिसुधार कार्यालय बर्दिया मार्फत मुक्त कमैयाहरुलाई वितरण गरिएको जग्गाधनी पुर्जा र जग्गा जोतभोग सम्बन्धी समस्या समाधानको लागि मालपोत तथा भुमि सुधार कार्यालय, नापी कार्यालय लगायतका सरोकारवालाहरुसँगको समन्वय बैठक गरि समस्या समाधानको लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गत रहेका सरकारी, सार्वजनिक सामुदायिक सम्पत्तिको लगत संकलन गरी संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने व्यवस्था मिलाइने छ।

## पशुपन्छी विकासः

- पशु स्वास्थ्यको लागी प्रत्येक वडाका पशु सेवा केन्द्रबाट निःशुल्क रुपमा औषधी वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- पशु चौपायहरुलाई सरुवा रोग लाग्नबाट बचाउनका लागी पशु खोप अभियान संचालन गरिने तथा खोपकर्तालाई पारिश्रमिकको व्यवस्था गरिनेछ।
- दुध उत्पादनलाई बढावा दिन व्यावसायिक कृषकहरुको लागी हिउडे घाँसको विउ ५० प्रतिशत अनुदानमा र बर्षे घाँसको विउ नि.शुल्क वितरणलाई निरन्तरता दिइनेछ।
- पशुपालक कृषकहरुलाई क्षमता अभिवृद्धिको लागी मागमा आधारित तालिमको व्यवस्था गरिनेछ।

- पशुपालक कृषकहरुलाई प्रोत्साहनको रुपमा मेसिनरी औजार ५०प्रतिशत लागत सहभागितामा वितरण गरिनेछ।
- आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणमा जोड दिइनेछ।
- बाह्य परजिवी उपचारको लागी प्रत्येक वडा पशुसेवा केन्द्रमा डिपिङ्ग ट्यांकको निर्माण गरिनेछ।
- व्यावसायिक कृषकहरुलाई पशुपालन क्षेत्रमा थप सिकाईको लागी अन्तरजिल्ला कृषक भ्रमणको व्यवस्थामा जोड दिइनेछ।
- पोषण सुधारको लागी प्रत्येक वडाको लक्षित सामुदायमा समूह मार्फत अण्डा उत्पादन गर्ने (आठ हप्से) न्यू हेम्पसायर तथा बल्याक अस्ट्रोलप कुखुराको चल्ला नि.शुल्क वितरणमा जोड दिइनेछ।
- गाउँपालिकालाई रेविज रोग मुक्त पार्ने खोप कार्यक्रम गरिनेछ।
- वडा पशु सेवा इकाईबाट पहुँच कम भएका क्षेत्रहरुमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।
- बिद्युतिय च्यापकटर मेसिन र दाना पिस्ने मेसिन वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गौशाला ब्यबस्थापन गरी सोबाट आय आर्जन गर्ने नीति अबलम्बन गरिनेछ।

## सहकारीः

- **"एक सहकारी एक उत्पादन कार्यक्रमलाई"**अगाडी बढाउन सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ।
- सहकारी संस्थाहरुमा असल अभ्यास र आर्थिक विकासमा पुऱ्याइको योगदान, महत्व बारे जनचेतना जगाउन सहकारी दिवस मनाउने व्यवस्था गरिनेछ।
- सहकारी संस्थाहरु एवं सम्बन्धित संघ-संस्थाहरुको समन्वयात्मक बैठकलाई निरन्तरता दिइनेछ।
- लेखा व्यवस्थापन, COPOMIS, PEARLS (पर्ल्स) तथा कर्जा प्रवाह सूचना तालिमको व्यवस्था गरिनेछ।
- सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने कार्यको थालनी गरिनेछ।
- कृषि सहकारी संस्थाहरुलाई कृषिमा आधारित उत्पादनको व्याबसायिकरण र बजारीकरण मार्फत कृषिक्षेत्रको उत्पादनमा आत्मनिर्भर बनाउने नीति अवलम्वन गरिनेछ।
- संघीय सहकारी ऐन, २०७४ को भावना अनुरुप स्थानीय तह भित्र रहेका सहकारीको अनुगमन तथा नियमन कार्य गरी एकिकरण गर्ने गराउने प्रक्रिया अगाडी बढाइनेछ।
- सहकारी संस्थाहरु सहकारीको मर्म र भावना अनुसार सञ्चालन गर्न लगाई त्यसको प्रभावकारी अनुगमन गरिनेछ।
- असल कार्य गर्ने सहकारीलाई प्रोत्साहन तथा सहकारीको मर्म विपरित काम गर्न सहकारी लाई निरुसाहित गर्न निती ल्याईनेछ ।
- सहकारी संस्थाहरु मार्फत उत्पादन मल, विउ, प्रविधि, कृषि उपकरण, तरकारी संकलन केन्द्र, एकिकृत पशु संकलन केन्द्र, कृषि हाट बजारका लागि सहकारी मार्फत कार्यक्रम अघि बढाइनेछ।
- उत्पादन तथा प्रशोधन र बजारीकरण गर्न सहकारीसँग साझेदारी कार्यक्रम अघि बढाइनेछ।

- सहकारी क्षेत्रको सुधार सुझाव कार्यदलको प्रतिवेदन २०८० लाई तदारुकताका साथ कार्यान्वयन गर्दै लगिनेछ।

## उद्योग, वाणिज्य तथा व्यापार:

- उद्यमशीलतालाई विशेष कार्यक्रम सहित अगाडी बढाइनेछ।
- उपभोक्ता हकहित तथा अधिकारी सम्बन्धी सचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- उपभोक्ता शिक्षा मार्फत जनताको स्वास्थ्य सुलभ बस्तु र सेवा प्राप्ती तथा बजार अनुशासन कार्य गर्न संघीय सरकार र प्रदेश सरकारको समन्वय गरी बजार अनुगमन कार्यलाई तिव्रता दिइनेछ।
- गाउँपालिकाको अधिकार क्षेत्र भित्रका निजी फर्म दर्ता गर्न आवश्यक कानुनी प्रवन्ध मिलाइनेछ।
- थारु, मुस्लिम, मधेशी, दलित, महिला, अपाङ्ग, कमलरी, जनजाती, द्वन्द्वपीडित यौनिक, अल्पसंख्यकद्वारा संचालन भएका घरेलु उद्योगमा आवश्यक सहयोग गरिनेछ।
- उत्कृष्ट उद्यमीहरुलाई सम्मान गरिने व्यवस्था मिलाइने छ।
- नियमित राजश्व/कर दाखिला गर्न कर दातालाई प्रोत्साहन तथा समयमा कर दाखिला नगर्ने करदातालाई निरुसाहित गर्न निती लिईनेछ ।
- जिल्ला घरेलु तथा साना उद्योग कार्यालय र करदाता सेवा कार्यालयसँग समन्वय, साझेदारी तथा सहकार्य गरी राजस्व र व्यवसाय दर्ता सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

## उद्यम विकास तथा गरीबी निवारण:

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्नतरता दिईनेछ।
- गाउँपालिका, वडा र बस्ती स्तरिय अभिमुखिकरण तथा सहभागिता मुलक ग्रामिण लेखाजोखा सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सहभागीको रुचि, क्षमता र कच्चा पदार्थको उपलब्धताका आधारमा उद्यमशिलता तालिमलाई थप प्रवाहाकारी गरिनेछ।
- नयाँ लघु उद्यममा आबद्ध हुने व्यक्तिको क्षमता विकास गर्न तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरी आत्मनिर्भर बनाउदैं स्थानीय स्रोत साधनको सदुपयोग गरी उत्पादन मुलक व्यवसायमा अग्रसर गराईनेछ
- कार्यक्रम सञ्चालन पश्चात अनुगमन कार्यलाई प्रवाहाकारी गरिनेछ।
- लघु उद्धमीहरुलाई वित्तिय सेवामा र बजारिकरणमा पहुँच गराईनेछ ।
- लघु उद्धमीको स्तरोन्नतीको लागि उद्धम व्यवसाय सुधार तथा विस्तार सम्बन्धि सिप विकास तालिमहरु सञ्चालन गरिनेछ ।
- लघु उद्यमको स्तरोन्नतीको लागी व्यक्तिगत र समूह साझेदारी फर्मको रुपमा सम्बन्धित निकायमा दर्ता गर्न पहल गरिनेछ।

## रोजगार तथा स्वरोजगारः

- बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन सिपमुलक तालिम तथाःसामग्री उपलब्ध गराई रोजगारी सृजना गर्ने नीति अवलम्बन गरिनेछ।
- वेरोजगारी समस्या समाधान गर्न रणनैतिक कार्य योजना बनाई अगाडी बढाईनेछ।
- रोजगार सेवा केन्द्रको प्रभावकारीताको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदारहरुलाई ज्ञान सिप दिई समुदाय स्तरमा आय र रोजगारीको सुनिश्चितता गरिनेछ।
- बेरोजगार व्यक्ति तथा घरपरिवार, रोजगार प्रदायक निकाय र विभिन्न सीपमूलक तालिम प्रदायक निकायहरु, सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरु को बीचमा समन्वय कायम गरी रोजगारीको अवसर सिर्जना गर्ने व्यवस्था मिलाईने छ ।
- लक्षित वर्ग, महिला, अल्पसंख्यक तथा सिमान्तकृत समुदायलाई रोजगारीको अवसर सिर्जना हुने खालका सीप विकासका तथा स्वरोजगारमुलक कार्यक्रम संचालान गरिनेछ।
- बेरोजगार तथा रोजगारीका अवसरहरुको सूचना र तथ्याङक संकलनगरी नक्शांकन गर्ने साथै सूचिकृत बेरोजगार व्यक्तिहरुलाई कार्य गर्नका लागी आवश्यक औजारहरु गर्ने व्यवस्था मिलाईने छ ।
- सरोकारवाला, रोजगारदाता र श्रृमिक बिच रोजगारीका अवसरहरु र्सिजना गर्ने अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको श्रम स्वीकृतीका लागी सहजीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई लक्षित गरी वैदेशिक श्रम बजारमा उच्च माग भएका सिप र दक्षतामा आधारित प्राविधिक तथा व्यावसायिक तालिमहरु प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको मृत्यु भएमा निज तथा परिवार बिरामी भएमा वा रोजगारका क्रममा अलपत्र परेमा वैदेशिक रोजगार बोर्ड बाट पाउने सेवा सुविधामा सहजीकरण कार्यलाई निरन्तरता दिइनेछ।
- श्रम स्वीकृती र सिपमुलक तालिम लिई मात्र वैदेशिक रोजगारीमा जानुपर्छ भनी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति, वैदेशिक रोजगारी बाट फर्केका व्यक्ति र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवारहरु सगं अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप, ज्ञान र स्रोतलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ।

## पर्यटन,संस्कृति र कला:

- ❖ थारु संस्कृति संरक्षण तथा सम्बर्दनका लागी थारु संग्राहलयको व्यवस्थापन गरिनेछ।
- ❖ गाउँपालिकाको पर्यटन प्रवर्द्धन सम्बन्धी विद्युतीय माध्यमहरुबाट कमर्सियल विज्ञापनहरु सञ्चालन गरिनेछ।
- ❖ ऐतिहासिक, धार्मिक संस्कृती, भौतिक एवं अभौतिक संरचनाहरुको संरक्षण गरिनेछ।
- ❖ माघी मिलन कार्यक्रम निरन्तरता दिईनेछ।
- ❖ **एक वडा एक पर्यटकीय स्थलको** पहिचान गरि पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकाको पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय स्थलको प्रचारप्रसारमा जोड दिइनेछ।
- ❖ सवै जातजाती धर्मावलम्वीहरुको कला, संस्कृतिको स-सम्मान संरक्षण गरिनेछ।
- ❖ ओखरिया ईन्टेक क्षेत्रलाई पर्यटन गन्तव्यको रुपमा विकसित गरिनेछ ।
- ❖ स्थानीय रुपमा संञ्चालन भएको होमस्टेलाई प्रोत्साहन कार्यक्रम ल्याईनेछ ।

## सुशासन तथा सेवा प्रवाहः

- ❖ गाउँपालिकाको समृदिका लागी आन्तरिक आय स्रोतको अध्ययन, प्रक्षेपण गरी राजश्व सुधार कार्य योजना निर्माण गरिनेछ।
- ❖ आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।
- ❖ वडा स्तरमा सेवा ग्राहीसँग नागरिक सहायता केन्द्रको व्यवस्था गरिनेछ ।
- ❖ अन्तरपालिका समन्वय तथा सहकार्यमा जोड दिइनेछ।
- ❖ नागरिकबाट प्राप्त गुनासाहरुका समयमै सुनुवाई गर्ने सयन्त्रको विकास गरिनेछ ।
- ❖ सेवा मैत्री संरचना र सेवामैत्री कार्य व्यवहार  तथा गुणस्तरिय सेवा प्रवाह मुलमन्त्रका आधार रुपमा अवलम्बन गरिनेछ।
- ❖ जनप्रतिनिधि र कर्मचारीहरुको संस्थागत क्षमता विकास सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सेवाप्रवाहलाई जिम्मेवारी, जवाफदेही र पारदर्शी बनाउन सार्वजनिक परिक्षण, गुनासो व्यवस्थापन कार्यलाई व्यवस्थित बनाइनेछ।
- ❖ विषयगत क्षेत्र (कृषि, शिक्षा, स्वास्थ्य आदि) को रणनैतिक योजना तर्जुमा गरिनेछ।
- ❖ गाउँपालिका भित्रका सार्वजनिक निकायहरुमा सम्पादन हुने सेवा प्रवाह तथा काम कारबाहीको मूल्यांकन गरी दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ।
- ❖ सूचनामैत्री गाउँपालिका र प्रविधिमैत्री सेवा प्रदान गर्ने प्रयत्न गरिनेछ।
- ❖ सडक सुरक्षालाई प्रभावकारी बनाउन साझेदारीमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- ❖ गाउँपालिका भित्र अन्य गैर-सरकारी संस्थाहरु सँग लागत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।
- ❖ समग्र गाउँपालिकाको संस्थागत क्षमता सुधार एवं  विकास योजना तर्जुमा गरिनेछ ।

- ❖ नागरिकलाई मुस्कान सहितको सेवा प्रदान गर्ने कार्यलाई जोड दिइनेछ।
- ❖ सेवा प्रवाहको प्रभावकारीताका लागि आवश्यक पर्ने कानुनको तर्जुमा गरिनेछ।
- ❖ अभिमुखिकरण, तालिम, अध्ययन, भ्रमण आदिबाट कर्मचारीको ज्ञान, सीप र क्षमताको बढोत्तरी गर्दै अन्य पालिकाको समेत सफल अभ्यास र अनुभवको आदानप्रदानबाट सिक्ने सिकाउने परिपाटीको विकास गरिनेछ ।
- ❖ गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन सुविधालाई निरन्तरता दिनुका साथै आन्तरिक पर्यटन सुविधा काजको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ प्रशासनिक खर्च कार्यविधि निर्माण गरी गाउँपालिकाबाट हुने खर्चमा एकरुपता एवं मितव्ययिता कायम गरिनेछ।
- ❖ विद्युतीय सुशासन कायम गर्न सूचना तया संचार प्रविधिमैत्री कानूनको निर्माण गरी डिजीटल प्लेट फर्महरुको निर्माण गरि लागु गरिनेछ।
- ❖ गाउँपालिका योजना तथा कार्यक्रमको सबल कार्यन्वयन तथा जनतासँग प्रत्यक्ष संवादका लागी ६ वटै वडाहरुमा **जनतासँग अध्यक्ष कार्यक्रम** संचालन गरिनेछ।
- ❖ कार्यालयको आन्तरिक कार्य वातावरणलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ।
- ❖ स्थानीय तहमा कार्यरत कर्मचारीहरूको आर्थिक सुरक्षाका लागि कर्मचारीको पनि योगदान रहने गरी कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ।
- ❖ सार्वजनिक खरिदलाई व्यवस्थापन गर्न वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरी लागु गरिनेछ।
- ❖ विद्यमान ऐन, कानुन, नीति, नियम र कार्यक्षेत्रको बारेमा सुसुचित गर्न पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गेरूवा बासीका लागी अहोरात्र खटिएका पदाधिकारी तथा कर्मचारीहरूको सामुहिक दुर्घटना विमा गरी उच्च मनोबलका साथ कार्य सम्पादन गर्ने वातावरण सिर्जना निरन्तरता गरिनेछ।

## <u>विद्यान, वित्तीय अनुशासन तथा कर प्रशासनः</u>

- ❖ गाउँपालिकालाई अत्यावश्यक ऐन, कानून, कार्यविधि निर्माण गरी लागु गरिनेछ।
- ❖ गाउँपालिकाबाट कायम आ.व. २०८०।०८१ को कायम रहेको वहाल विटौरी करको दरमा परिवर्तन गरिनेछ तर आ.व.२०८०।०८१ अघि तिर्न बाकी रहेको बहाल बिटौरी कर साविकमा तोकिए बमोजिम तिर्नु पर्ने छ करको दायारामा नआएकालाई प्रत्येक बर्ष १० प्रतिशत का दरले जरिवना सहित कर दाखिला गर्नुपर्नेछ ।

- **"कर तिर्नु जनताको दायित्व धारणाको विकास"** गर्न समुदाय तथा वडा तहसम्म कर सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- उपलब्ध स्रोत साधनको प्रभावकारी तथा दिगो परिचालन गर्न राजश्व सुधार योजना तयारी गरी गाउँपालिकाको आन्तरिक स्रोत वृद्धीको लागि राजस्वका थप क्षेत्रहरुको खोजी गरिनेछ।
- महालेखाबाट सुझावका रुपमा पेस गरिएका सुझाव, असुल उपर र नियमित गर्नुपर्ने सबै प्रकारका बेरजुलाई कढाईका साथ फछ्यौट गर्ने काम लाई निरन्तरता दिईनेछ ।
- वडा तहमा अर्धवार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम संञ्चालन गरिनेछ।
- राजश्व संकलन र व्यवस्थापन गर्न विद्युतीय सफ्टवेयरको प्रयोग गरिनेछ।
- गाउँपालिकाबाट हुने आर्थिक कारोबारलाई व्यवस्थित बनाउन थप प्रयास गरिनेछ।
- त्रैमासिक रुपमा गाउँपालिकाको खर्च सार्वजनिक गरिनेछ ।
- आन्तरिक श्रोतमा बृद्धि गर्न नदीजन्य प्राकृतिकस्रोत ढुगा,गिट्टि,बालुवा आदिको उत्खन्न कार्यको IEE गरी ठेक्का प्रक्रिया अगाडी बढाईनेछ।
- गाउँपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुसँग नियमित समन्वय गरी नागरिकमुखी सेवा प्रदान गर्न जोड दिइनेछ।

## न्यायिक समितिः

- नेपालको संविधानको धारा २१७ र स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थापित गाउँपालिकाको न्यायीक समिति मार्फत न्याय सम्पादन गरिएका उपलब्धी र गतिविधिका बारे डकुमेन्ट्री तयार गरिनेछ।
- ६ वटै वडा स्तरका मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन गरी सामुदायिक मेलमिलाप कर्ताहरुलाई समुदायस्तरमा कानुनी सचेतना कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका न्यायिक समितिको सेवा प्रवाहको प्रभावकारी अभिवृद्धि गर्न इजालस कक्षको थप सुदृढीकरण गरी व्यवस्थित बनाइनेछ।
- गाउँपालिकाको क्षेत्रअधिकार भित्र पर्ने विभिन्न मुद्दाहरुको सहजीकरण तथा कानुनी परामर्श कार्यको लागी कानुनी परामर्शकर्ता अथवा कानूनमा स्नातक उपाधि हासिल गरेका कर्मचारीलाई जिम्मेवारी तोक्ने व्यवस्था गरिनेछ।
- न्यायिक समितिमा पर्न आएका विवादहरुलाई मेलमिलापको माध्यमबाट समयमै न्याय निरुपण गर्न व्यवस्थापन गरिनेछ ।
- असहाय विपन्न व्यक्तिलाई निःशुल्क कानुनी सहायता प्राप्त गर्ने कार्यमा सहयोग गरिनेछ ।
- कानुनी सहायता र सचेतना प्रदान गर्न जस्ता कार्यक्रममा जोड दिईनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरणः

- सामाजिक सुरक्षा भत्ता **CGAS** मार्फत हरेक लाभग्राहीको बैंक खातामा भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको राष्ट्रिय परिचय नम्बर (NIN) अनिवार्य गर्नुका साथै बायोमेट्रिक स्क्यानर डिभाइस संचालनमा ल्याइनेछ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता दर्ता/नविकरणलाई तोकिएको समयमै गराउन लाभाग्राहीलाई सुसचित गराउने कार्यक्रम गरिनेछ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धी गर्न नेपाल सरकारद्धारा निर्धारण गरेको समयसीमा रही व्यक्तिगत घटना दर्ता सप्ताह मनाइनेछ।
- पञ्जिकरणमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास तालिम एवं अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

### महिलाः

- गाउँपालिकामा लैङ्गिक समानता र महिला तथा किशोरीहरुको सशक्तिकरण एवं प्रवर्द्धनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति अवलम्बन गरिनेछ ।
- राजनीतिक, आर्थिक था सार्वजनिक जीवनका सवै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरुको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।
- संविधान प्रदत्त मौलिक हकमा महिलाका शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका विशेष कार्यक्रम बनाई लागु गरिनेछ ।
- महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्न संघ र प्रदेश सरकार सँग समेत सहकार्य गरी यस्तो कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- महिला उद्यमशीलतामार्फत स्वरोजगारी बढाउने कार्यक्रम सिर्जना गर्ने, पुरुष सरह महिलालाई समान ज्याला उपलब्ध गराउने लैङ्किक हिंसा घरेलु भेदभाव र विभेद हटाउने कार्यक्रमहरु संचालन गरिनेछ ।
- लैङ्गिक समानता, महिला सशक्तिकरण, लैंङ्गिक हिंसा निवारण तथा बाल अधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ साथै जातीय छुवाछुत तथा समामाजिक विभेद उत्पीडनको व्यवहारिक अन्त्यको लागि आवश्यक रणनिती र अभियानहरु संचालन गरिनेछ ।
- महिला हिंसा न्यूनिकरण एवं सशक्तिकरण यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको हितका लागि प्रवर्द्धनात्मक तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

- विकासको मूलप्रवाहमा समावेश हुन नसकेका आदिवासी, जनजाति, दलित, मुक्त कमैया मुक्तकमलरी एच.आइ.भि/एड्स. पिडीत, द्बन्द्बपिडित, पिछडा वर्ग तथा पछाडी परेको वर्ग समुदायलाई विकासको मूल प्रवाहमा ल्याइनेछ ।
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा सवै महिला र बालिकाहरुको सशक्तिकरणका लागि योजना बनाई लागु गरिनेछ। यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको पहिचान गरी उनीहरुको क्षमता विकास र सशक्तिकरण गरिनेछ।
- मानव ओसारपसार तथा यौन शोषण लगायत सार्वजनिक तथा निजी क्षेत्र र सवै कार्यस्थलमा हुने सवै प्रकारका हिंसाको उन्मुलन गर्न सम्बद्ध सवै पक्ष सचेत रही यस्ता घटना घट्न नदिन प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।
- आर्थिक रुपमा पछाडी परेका वा पारिएका द्वन्द्वपिडित, अल्पसंख्यक, एकल महिलाका लागि आयआर्जनमुलक कार्यक्रमहरु संचालन गरिनेछ।
- **"युवा तथा महिलासँग उपाध्यक्ष कार्यक्रम"**मार्फत युवा तथा महिला हरुलाई उद्यम व्यवसाय सीपसँग जोड्दै उनीहरुलाई आत्मनिर्भर बनाउन आवश्यक सीप तालीमको व्यवस्था गर्दै समुन्नत गाउँपालिका बनाउन प्रयत्न गरिनेछ ।
- गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- आमा समूह विभिन्न क्लव संजाल लगायतका सामुदायिक संस्थाहरुसँग सामाजिक रुपान्तरणका क्रियाकलाप संचालनमा समन्वय सहकार्य गर्ने निती अवलम्बन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाहरुको राष्ट्रिय परिचयपत्रको आधारमा त्यस्ता व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा लाग्ने करमा शतप्रतिशत छुट दिने निती अवलम्बन गरिनेछ ।
- महिला विकास कार्यक्रम मार्फत गठन भएका महिला सहकारीहरूको उत्थान हुने खालका कार्यक्रमहरू संचालन गरिने व्यवस्था मिलाइनेछ ।

## बालबालिकाः

- बालमैत्री गाउँपालिका निर्माणका लागि बालमैत्री पूर्वाधार निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई बालमैत्री स्थानीय शासन कार्यक्रम अगाडि बढाइनेछ।
- **"छोरी बचाउ कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।
- बालवालिकासँग पालिका अध्यक्ष/उपाध्यक्ष कार्यक्रम संचालन गरिनेछ।
- अति विपन्न तथा विशेष संरक्षण गर्न असहाय बालबालिका केन्द्रित कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।
- बालविवाह मुक्त गाउँपालिका घोषणाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।
- बालदिवस तथा बालसंरक्षणका कार्यक्रम सक्रिय सहभागितामा गरिनेछ।

- बेसाहारा बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याउन बिशेष शैक्षिक कार्यक्रम तथा सामाग्री व्यवस्था गरिनेछ।
- वालविवाह लगायत अन्य हिंसाका घटनाहरूको गोप्य उजुरी संयन्त्रको विकास गरी प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।
- नीतिगत एवं कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्दै बालविवाह न्यूनीकरण अभियानलाई व्यापकता दिइनेछ।

## जेष्ठ नागरिकः

- जेष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराउन विशेष कार्यक्रम संचालनमा जोड दिइनेछ।
- जेष्ठ नागरिकलाई सेवा प्रवाहमा पहिलो प्राथमिकता साथै आवश्यक शिविर संचालन गरिनेछ।
- जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्तिहरुको लगत संकलन र स्थानिय रुपमा पालिकाले गर्न सक्ने सहयोगको खाका तर्जुमा गरी लागू गरिनेछ ।
- जेष्ठ नागरिकलाई ज्ञान सिप अनुभवलाई सम्पत्तीको रुपमा स्थापित गर्न नीति ल्याईनेछ ।

## अपाङ्गता र असहायः

- समय सापेक्ष अपाङ्गता पहिचान, वर्गीकरण तथा सुविधा र सहयोग कार्यविधिहरुको निर्माण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई प्रवर्द्धन गर्नका लागी समावेशी अवधारणालाई आत्मसाथ गरिनेछ।
- असाहय बालवालिका तथा जेष्ठ नागरिकहरुका लागि **"नाना, छाना र खानाको"** अभावलाई कम गर्न बिभिन्न आश्रम, कोष, केन्द्र जस्ता संघ-सस्थाहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।
- अशक्त, अपाङ्ग, व्यक्तिहरुका लागि वडा तथा पालिकामा सेवा प्रवाहमा पहिलो प्राथमिकता दिइनेछ।
- अपांगता भएका व्यक्तिहरुको सिप क्षमता विकास गरि उमद्यमशिल बन्न प्रोत्साहन गरिनेछ।
- अपांगता परिचय पत्रलाई डिजिटाईजेसन गरिनुका साथै अपांगता भएका महिलाहरुको लागि प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- आवश्यकता अनुसार अपांगता सहायक सामग्रीहरु वितरण कार्यलाई निरन्तरता दिइनेछ।

## दलित, आदिवासी, जनजाती तथा थारु तथा सोनाहा समुदाय

- जाति विशेष रुपमा अपनाइएका परम्परात पेशाहरुलाई आधुनिकरण गरी रुपान्तरण गरिनेछ।
- वरघर प्रथालाई संस्थागत गर्दै थप प्रभाकारी बनाउदै लगिनेछ ।
- दलित समुदायलाई सिपमुलक तालिम दिई आयआर्जनका माध्यमबाट स्वरोजगारी बनाउनमा उत्प्रेरित गर्दै लगिनेछ।

- ❖ जाति परम्परामा रहेका भाषा, भेषभुषा, सस्कृतिको जगेना गरिनेछ र जातिय परम्परा झल्किने स्थानीय स्तरमा रहेका घरेलु उत्पादित सामग्रीहरुको प्रवर्द्धन गर्न सिपविकास तालिम संचालन गरिनेछ।
- ❖ थारु सस्कृति जगेर्ना गर्नको लागि सास्कृतिक अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- ❖ थारु कमलरीको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

- ❖ लागुपदार्थ दुर्व्यसन विरुद्ध विद्यालय स्तरदेखि नै चेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ। दुर्व्यसनमा परेका व्यक्तिहरुलाई सुधार केन्द्र तथा मनोचिकित्सा विधिमार्फत पुर्नस्थापना गर्न विशेष पहल गरिनेछ।
- ❖ लिङ्गका आधारमा गरिने विभेदको अन्त्य गरिनेछ ।
- ❖ समाजमा विद्यामान कुसंस्कार, कुप्रथा र छाउपडी प्रथालाई निर्मुल पार्नुका साथै बालविवाह बालश्रम जस्ता सामाजिक विकृती न्यूनिकरण गर्न किशोर किशोरीहरू तथा बालबालिकाहरूका लागि विभिन्न किसिमका नेतृत्व तथा क्षमता विकास गर्ने खालका तालिम, गोष्ठी लगायत जनचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ।
- ❖ लैंङ्गिक हिंसा, घरेलु हिंसा, बाल विवाह, बुहविवाह जस्ता सामाजिक समस्याहरू न्यूनिकरण गर्ने, कानुनका संरचनाहरू र संयन्त्रहरू लैंङ्गिक समा  दृष्टिले भेदभावमुक्त बनाउनुका साथै लैंङ्गिक समानता कायम गर्ने खालका कार्यक्रमहरू संचालन गर्नका लागि गाउँपालिकाबाट व्यवस्था मिलाइनेछ।
- ❖ लक्षित वर्ग, अल्पसंख्यक तथा सिमान्तकृत समुदायलाइ रोजगारीको अवसर सिर्जना हुने खालका सीप विकास तथा स्वरोजगारमुलक कार्यक्रम संचालन हुने व्यवस्था मिलाइनेछ।
- ❖ विभिन्न किसिमका हिंसाको जोखिम एवं दिर्घकालिन रोगबाट ग्रसित भएका नागरिकहरूलाई समुदायमा स्थापित हुने खालका मनोपरामर्श र सचेतनामूलक कार्यक्रम संचालन हुने व्यवस्था मिलाइनेछ ।
- ❖ महिला, दलित, अपाङ्गता, अल्पसंख्यक, मुक्त कमलरी द्धन्द्धपिडीत तथा पिछडिएको वर्ग र सिमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन साथै लैंङ्गिक समानता कायम गर्नका लागि लोकसेवा कक्षा संचालन गर्ने  कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ❖ द्धन्द्धपिडीत तथा प्रभावितहरुको स्थानीय आवश्यकता पहिचान गरी सम्बोधन गर्न आवश्यकता पहल गर्नेछ।

## सूचना प्रविधिः

- ❖ गाउँपालिका गतिविधि छिटो र छरितो रुपमा सुचना प्रवाह गर्न डिजिटल पालिका निर्माणका लागि मोवाइल एप्लिकेशन, प्रत्येक वडाहरुमा डिजिटल नागरिक वडापत्र मार्फत कार्यक्रम तथा सूचनाहरु हेर्न र सुन्न सकिने व्यवस्था गरिनेछ।

- विद्युतीय सुशासन कायम गर्न सूचना तया संचार प्रविधिमैत्री कानूनको निर्माण गरी डिजीटल प्लेट फर्महरुको निर्माण गरि लागु गरिनेछ ।
- साइबर सुरक्षासम्बन्धी अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिवृद्धि कार्यलाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरिनेछ। डिजिटल साक्षरता विस्तार गरी महिला, अल्पसङ्ख्यक एवम् पिछडिएको वर्ग, क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार गरिनेछ।
- सूचना प्रविधिलाई डिजिटल रूपान्तरणको आधारको रूपमा लिई सामाजिक,आर्थिक रूपान्तरण एवम् समृद्धि हासिल गर्न सूचना प्रविधि दशकको रूपमा अगाडि बढाइनेछ।
- सूचना प्रविधि उद्योगलाई रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरी गेरुवा गाउँपालिकालाई **सूचना प्रविधि हबको** रूपमा विकास गरिनेछ।
- **"डिजिटल गेरुवा फ्रेमवर्क"** भन्ने अभियान सञ्चालन गरी प्रविधि र क्षमता विकास मार्फत कर्मचारीको उत्पादकत्वमा अभिबृद्धि गरिनेछ।
- गाउँपालिकामा हाल प्रयोगमा आइसकेका राजस्व प्रणाली, अनलाइन पेमेन्ट, अनलाइन घटनादर्ता, अनलाइन खरिद प्रणाली, **PAMS**, स्वास्थ्य सफ्टवेर, योजना सफ्टवेर लगायतका प्रविधिको अझै विकास गरी सेवा प्रवाहलाई शिघ्र, सहज, पारदर्शी र गुस्तरीय बनाइनेछ।
- सेवा प्रवाहलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउन नागरीक समाज, भ्रष्टाचार नियन्त्रण र सुशासन सम्बद्ध संस्थाहरू लगायत बहुसरोकारवालाहरूको सहकार्य र समन्वयमा अभिवृद्धि गराइनेछ। साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी पृष्ठपोषण लिने पद्धति अवलम्बन गर्दै प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ।
- गेरूवा गाउँपालिकामा सुचना प्रविधिको प्रयोग गरी विभिन्न वडा तथा स्वास्थ्य सस्थाहरूको तथ्यांकलाई एकिकृत गर्ने **डेटा सेन्टरको** स्थापना गरिनेछ।

## वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापनः

- समुदाय स्तरमा रहेका विपद् ब्यवस्थापन समितिहरुलाइ सस्थागत गर्न समुदाय स्तरीय विपद् ब्यवस्थापन समिती सन्चालन कार्यविधि तयार गरी समितिलाई सुचिकृत गरिनेछ ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अधावधिक गरी लागु गरिनेछ ।
- विपद ब्यबस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि विषयवस्तु पालिकाको पाठ्यक्रममा समावेश गरी समयानुकुल अध्यावधिक गरिनेछ।
- जलवायु परीवर्तन, विपद् ब्यवस्थापन र बाढी उत्थानशीलता सम्बन्धी विद्यार्थीहरुको क्षमता अभीबृद्दी गर्दै उनिहरुका माध्यमबाट समुदायमा जनचेतना फैलाउने कार्यक्रम गदै लगिनेछ ।
- विकास निर्माण तथा भौतिक संरचना निर्माण गर्दा जलवायु परिवर्तनका सम्भावित जोखिमहरु लाई मध्यनजर गर्दै विपद् मैत्री विकास अवधारणालाई कार्यन्वयन गदै लगिनेछ।

- वाढीजन्य प्रकोपबाट समुदायमा हुने जनधनको क्षतिलाई तेस्रो पक्षमा हस्तान्तरण गर्न सुचकाँकमा आधारित बाढी बिमाको कार्यबिधि स्वीकृत गरी वाढी प्रभावित सबै समुदायामा बाढीबिमा कार्यक्रम सँन्चालन गरिनेछ ।
- नदी तथा झरन र पिच वाटोका दुवै तिरमा बृहत वृक्षारोपण अभियान संचालन गरिनेछ ।
- जुन ५ लाइ बाढीको कृत्रिम घटना अभ्यास दिवसका रुपमा मनाउदै गाउँपालिका, वडा एवं समुदाय स्तरमा रहेका विपद् ब्यवस्थापन समितीहरुको क्षमता अभिवृद्धि कार्यक्रमहरु गरिनेछ।
- विपद् जन्य घटनाबाट प्रभावित समुदायका प्रतिनिधीहरुलाइ खोज उद्धार, प्राथमिक उपचार तालिमको ब्यवस्था गरी समुदाय स्तर र बिद्यालयमा खोज तथा उद्धार र अग्नि नियन्त्रण सामाग्रीको ब्यबस्थापन गरिनेछ ।
- समुदाय र विद्यालय स्तरमा वातावरण संरक्षण, विपद् जोखिम न्युनिकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धि विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- खुला क्षेत्र, डुवान, कटान क्षेत्र,एवं बाटोका दुवै तर्फ वातावरण संरक्षण तथा जिविकोपार्जन टेवा पुग्ने प्रजातिहरुको वृक्षारोपण कार्यक्रम संञ्चालनमा ल्याईनेछ ।
- नदी तथा झरन वाट कटान एंवम डुवान हुने क्षेत्रमा जैविक तट्बन्धनको प्रवर्द्धन तथा ताल तलैया पानिका श्रोत तथा सामुदायिक क्षेत्रहरुको उचित संरक्षण गर्दै पर्यापर्यटनको गतिविधि सञ्चालन गरिनेछ ।
- संघिय सरकारको समन्वयमा गेरूवा र कर्णाली नदीको कटान र डुवानलाई नियन्त्रण गर्न तटबन्धन निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउन पहल गरिनेछ।
- पालिकामा स्थापित आपतकालीन कार्य सञ्चालन केन्द्रको संस्थागत क्षमता बढाई सवल बनाइनेछ। सबै वडा कार्यालयहरूमा विपद व्यवस्थापनका आधारभूत सामग्री भण्डारको व्यवस्था मिलाइनेछ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- एकिकृत भू-परिधि व्यवस्थापन गर्न दातृ निकायहरू संग सहकार्य गरी मध्यवर्ती सामुदायिक वन विकास कर्यक्रम, मानव बन्यजन्तु द्वन्द न्यूनिकरण कार्यक्रम र जिविकोपार्जन सुधार कार्यक्रम संचालन गरिनेछ ।
- प्रकृती विपद् अगालगी,हावाहुरी तथा वन्यजन्तुबाट हुने मानविय तथा सम्पत्तीमा हुने क्षतिबाट पालिकाबासीलाई दिदैआएको राहात कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को प्रस्तुत बार्षिक नीति तथा कार्यक्रममा यहाँहरुको अमूल्य राय सुझावको अपेक्ष गरेको छु । यो नितीकार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्ने अवसरको लागि निर्वाचित गर्नुहुने सम्पूर्ण गेरुवा बासी आदरणीय आमा-बुवा,दाजुभाई दिदिवहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यो नीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने पालिका स्थित राजनीतिक दल, कार्यपालिका सदस्य ज्यूहरु, नीति तर्जुमामा रचनात्मक सहयोग गर्ने सम्पूर्ण बुद्धिजिबी, समाजसेवी र पालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवद ज्ञापन गर्दछु।

धन्यवाद।

जमान सिं के.सी.
अध्यक्ष
गेरुवा गाउँपालिका, बर्दिया
मिति: २०८१/०३/०६